अन्तिम लेखापरीक्षण प्रतिवेदन

गुर्भाकोट नगरपालिका
सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गुर्भाकोट नगरपालिका
सुर्खेत

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गुर्भाकोट नगरपालिका

सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली, प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१
च.नं. ८२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
शुभाघाट, सुर्खेत ।

१. **कैफियतसहितको राय** — हामीले गुर्भाकोट नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ८६ लाख ७० हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.९८ लाख ३ हजार फर्स्यौट तथा रु.१४ लाख ११ कायम भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३८ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १९ लाख ९७ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ४३ लाख ९६ हजारसमेत रु.३ करोड २ लाख ७८ हजार रहेको छ । नगरपालिकाको गतवर्षसम्म रु.३२ करोड ५६ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२९ करोड लाख ५० हजार १८ रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायव महालेखापरीक्षक

गुर्भाकोट नगरपालिका,

सुर्खेत

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			प्रतिकृया बाट कायम बेरुजु	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगातै		सैद्धान्तिक	लगातै			सैद्धान्तिक	लगातै								
६९	७१	३८६७०	०	३२	९८०३	१४११	६९	३९	३०२७८	३८८५	१४३९६	११९९७	०	०	२६३९३	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुर्खेत	३२५६६३	०	६०९३५	२६४७२८	१२	३०२७८	२९५०१८

३. बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
१		२४.२	राजस्व बाँडफाँडको रकम	५७७०५००
२		३७	मूल्य अभिबृद्धि कर समायोजन	१८०१७९९
३		५५	अनुगमन भत्ता	५५०००
४		५६	महंगी भत्ता	५५२०००
५		५८	न्यायिक समितिको बैठक	११०००
६		७२.२	प्रविधि हस्तान्तरण कार्यक्रम	५५२५७
७		७४	वितरणमुखी खर्च	१४४९०००
८		८१	जेहेन्दार छात्रबृत्ती	१०००००
९		८२	दिवा खाजा	८११५
	चालु वर्षको जम्मा			९८०२६७१
	गत विगत वर्षतर्फको			
१०	२०७८।७९			

			नेम्सबाट सम्परीक्षण भएको ।	१३००८९६५
	२०७७।७८			
११			नेस्सबाट सम्परीक्षण भएको ।	४५८४९२
	२०७६।७७			
१२		१६	करार कर्मचारी	६३४७०९४
१३		२५	स्वकीय सचिव नियुक्ति	२४००००
१४		२७	मपदण्ड वेगर आर्थिक सहायता वितरण	१२५०००
१५		४९	फरक शीर्षकबाट तलव भुक्तानी	३५९९०
१६		५०	भ्रमण खर्च बढी भुक्तानी	६८००
१७		६४	ग्रामीण विद्युतीकरणको लागि पेश्की	१०६५१८६३
१८		७०.१	सवारी मर्मत सोझै भुक्तानी	२३४५२५
१९		८९	पेश्की बाँकी	८०००००
	२०७५।७६			
२०		१८	अनुदान भुक्तानी	५०००००
२१		५१	जग्गा स्वमित्व भएको प्रमाण पेस	९८८७१५
२२		७१	सोझै खरिद	११०४८१३२
२३		९३	भ्रमण खर्च	१७१००
२४		९५	वितरणको भरपाई पेस	४९०००
२५		९९	विनियोजन भन्दा बढी खर्च लेखेको	९६०५२९०
२६		१०५	पेश्की बाँकी	८८८०००
	२०७४।७५			
२७		१९.२	उद्यमशील तालिम सञ्चालन	२५००००
२८		२०	फलफूलको विरुवा वितरण	१२४३६४९
२९		२४	विल भरपाई पेस नभएको	५००००
३०		२९.७	जनसहभागिताको अंश कट्टा	१८३३७
३१		३४	फलफूल बगैचा स्थापना	१०००००
३२		३५	कर समायोजन पेस	११७३४
३३		३८	टुक्रे खरिद	१५९५७२९
३४		४४.३	वितरणको भरपाई पेस नभएको	११७०००००
३५		४५	सामाजिक सुरक्षा भत्ता पेश्की बाँकी	१४९१२००
	गत विगतको जम्मा			**६०९३५६१५**
	कुल जम्मा			**७०७३८२८६**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत १४ वडा, ७४ सभा सदस्य, २२८.६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८ हजार २ सय १६ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१० देखि २०८०।१०।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय — व्ययतर्फ रु.१ अर्व ८० करोड १४ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा प्रशिक्षक भत्ता बढी भुक्तानी रु. १६,९००/- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

प्राप्तीभुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८१०९२०३४०.	७०५६७०६४३.४		७०५६७०६४३.४	७०२३३७६३७.२५		७०२३३७६३७.२५
क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८००१४३७५६.	६९७१३९८९६.४	०	६९७१३९८९६.४	६९०२७२८२१.२५	०	६९०२७२८२१.२५
११००० कर	११	१४५९९५७५६.	१३१६७९६२०.४५	०	१३१६७९६२०.४५	१२५९३०७९३.६५	०	१२५९३०७९३.६५
१३०००अनुदान		६१६५२८०००	५६१२९५३२९.५	०	५६१२९५३२९.५	५५४१४६१०८.	०	५५४१४६१०८.
संघीयसरकार	१२	५६१८११०००	५११४११६१२.५	०	५११४११६१२.५	५०८८२०७५०.	०	५०८८२०७५०.
प्रदेशसरकार	१२	५४७१७०००.	४९८८३७१७.	०	४९८८३७१७.	४५३२५३५८.	०	४५३२५३५८.
१४००० अन्यराजस्व		१२६२००००.	४१६४९४६.४५	०	४१६४९४६.४५	१०१९५९१९.६	०	१०१९५९१९.६
३२०००वित्तीय सम्पत्ति		२५००००००.	०	०	०	०	०	०
ख. अन्यप्राप्ति		१०७७६५८४.	८५३०७४७.		८५३०७४७.	१२०६४८१६.		१२०६४८१६.
वितरण गर्नबाकी राजस्व		०	६८२५०००.	०	६८२५०००.	०	०	०
कोषहरु		१०७७६५८४.	०	०	०	११४७०१८४.	०	११४७०१८४.
धरौटी		०	१७०५७४७.	०	१७०५७४७.	५९४६३२.	०	५९४६३२.
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		८१०९२०३४०.	६७९२६७७४३.५८		६७९२६७७४३.५८	६९१४८९२११.		६९१४८९२११.
ग.भुक्तानी (सञ्चित कोषबाट)		८००१४३७५६.	६६९४००१२०.८८		६६९४००१२०.८८	६८४४०३१७५.		६८४४०३१७५.

२१००० पारिश्रमिक / सुविधा	१८	२९८४४७०००	२९०३९५२७७.०६	०	२९०३९५२७७.०६	२६३६६१३९२.	०	२६३६६१३९२.
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४३८०४०००	१२४६३३९९०.८२	०	१२४६३३९९०.८२	११००१२४९९.	०	११००१२४९९.
२५००० सहायता (Subsidy)	१८	१७२०६०००.	१६३८२७३९.	०	१६३८२७३९.	०	०	०
२६००० अनुदान	१८	४२४३९०००.	२१८३०३२५.	०	२१८३०३२५.	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	८५००००.	८०४५२५.	०	८०४५२५.	१२२९९३४३.	०	१२२९९३४३.
२८००० अन्य खर्च	१८	१७९८७५६.	१७९५५००.	०	१७९५५००.	१६६६९६७.	०	१६६६९६७.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२९५५९९०००	२१३५५७७६४.	०	२१३५५७७६४.	२९६७६२९७४.	०	२९६७६२९७४.
घ. अन्यभूक्तानी		१०७७६५८४.	९८६७६२२.७		९८६७६२२.७	६९१४८९२११.		६९१४८९२११.
कोषहरु		१०७७६५८४.	९३२७३६०.	०	९३२७३६०.	६४०१९७२.	०	६४०१९७२.
धरौटी		०	१५१२१०९.	०	१५१२१०९.	६८४०६४.	०	६८४०६४.
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी			-९७१८४६.३		-९७१८४६.३			
ङ. योवर्षको बचत (न्युन)			२६४०२८९९.८२		२६४०२८९९.८२	१०८४८४२६.२५		१०८४८४२६.२५
च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			५७३६१०२७.१८		५७३६१०२७.१८	६७०१७४५५.		६७०१७४५५.
वर्षान्तकोबाकी रकम (ङ + च)			८३७६३९२७.		८३७६३९२७.	७७८६५८८१.२५		७७८६५८८१.२५
बैंक तथानगद बाकी	२४		८३९३५२७९.		८३९३५२७९.	७८२५०२६७.२५		७८२५०२६७.२५

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१८,९१,१४,८७९।४५ तथा प्रदेश तर्फ उद्दार, राहत तथा पुनर्स्थापान खर्च रु.५,५२,०००।० र सामाजिक विकास मन्त्रालय(३५००००११४) रु.१,८६,८६,१२०।० समेत गरी रु.२०,८३,५२,९९९।४५ उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,८६,५९,४०९।० मौज्दात रहेकोमा यो वर्ष रु.५,७३,६१,०२७।१८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२,९८,३६९।८२ घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,९८,३६९

२.३ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.९,७१,८४६।३० देखाएको छ । कर दायित्व यकिन गरी लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,७१,८४६.३

२.४ **विभाज्य कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सम्बन्धित् सञ्चित कोष खातामा ट्रान्सफर गर्नुपर्ने व्यवस्था छ ।वर्षान्तमा पालिकाको विभाज्य कोष खातामा रु.६८ लाख २५ हजार मौज्दात देखिएको छ ।उक्त प्रदेश सञ्चित कोषमा ४० प्रतिशत तथा स्थानीय संचित कोषमा ६० प्रतिशत ट्रान्सफर भएकोमा रकम सम्बन्धित आर्थिक बर्षमा फिर्ता गर्नु पर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी	फरक

१	आन्तरिक राजस्व खाता	०	०	०
२	वाडफाडवाडवाट प्राप्त राजस्व खाता	०	०	०
३	आन्तरिक अनुदान खाता	०	०	०
४	सञ्चित कोष	६३४०३९३३.६९	५९८६९९१८.१७	३५३४०१५.५२
५	चालु खाता	०	५५२१८६५.८२	-५५२१८६५.८२
६	पूँजीगत खाता	०	३८०६१३९.६९	-३८०६१३९.६९
७	विविध खर्च खाता	६९०८०५७.३१	१०८३४९४.८१	५८२४५६२.५
८	विविध कोष खाता	८६१९१४.	८६१९१४.	०
९	विभाज्य कोष खाता	६८२५०००.	६८२५०००.	०
१०	आकस्मिक कोष खाता	२४३०९१६.	२४३०९१६.	०
११	प्रकोप व्यवस्थापन कोष खाता	६०४४५.	६०४४५.	०
१२	स्थानीय तह धरौटी खाता	३४४५०१३.	३४४५०१३.	०
	जम्मा	**८३९३५२७९.**	**८३९०४७०६.४९**	**३०५७२.५१**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु. ८,३९,३५,२७९/- र बैक अनुसार रु. ८,३९,०४,७०६/४९ देखिएकोमा बैक मौज्दात रु. ३०,५७२/५१ घटी देखिएको सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी एकिन गर्नपर्ने रु.

प्रमाण पेश नगरेको	३०,५७२.५१

३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उप प्रमुख श्री नैना वि.क.ले मिति २०७९।०३।१० गते रु ७७ करोड ३५ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल ३४५ योजनामा वजेट विनियोजन गरेको छ ।

विवरण	५ लाख भन्दा कम	रु ५लाख देखि २० लाखसम्मका	२०लाख भन्दा बढि	जम्मा
पालिका	७७	२५	१७	११९
वडा	२२०	६	०	२२६
जम्मा योजना संख्या	२९७	३१	१७	३४५
कार्यान्वयन नभएको योजना	४	३	१	८

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३४५ योजनामात्र कार्यान्वयन भई ८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिकविकास	६४४२१०००	४८७५९६४५	७.२८
२	सामाजिकविकास	३९३१७४०००	३४७१०४१०२	५१.।८५
३	पूर्वाधार विकास	१५५१०३०००	१०४७९९२८०	१५.६५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१०४७९९२८०	४०२०४४७१	६.००
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३९८६८७५६	१२८५३२६२२	१९.२०
	कुल जम्मा	८५७३६६०३६	६६९४००१२०	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ५१.८५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटीमा ६ प्रतिशत रहेको छ ।

९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिनाको खर्च
पूँजिगत खर्चतर्फ	१३४८७२५१५	५८८११०७	१८९५६१३५	२०९६४९१४	८९०७०३५९	४०२६०८२७
प्रतिशत	१००	८.४	१०.४	१९.२	६२.०	५४.२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.१३ करोड ४८ लाख ७२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५८ लाख ८१ हजार अर्थात ८.४ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१ करोड ८९ लाख ५६ हजार अर्थात १०.४ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२ करोड ९ लाख ६४ हजार अर्थात १९.२ प्रतिशत र चौथो त्रैमासिकमा रु.८ करोड ९० लाख ७० हजार अर्थात ६२ प्रतिशत खर्च र असार मसान्तमा मात्र रु.४ करोड २ लाख ६० हजार अर्थात चौथो चौमासिकको ५४.२ प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। पालिकाबाट भुक्तानीमा सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, चालु खर्च गर्दा आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२ **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घरनक्सा दर्ता पास	११	१०
जन्मदर्ता	१६५४	१६५४
मृत्युदर्ता	३४२	३४२
बसाईसराई दर्ता	१३०	१३०

विवाह दर्ता	५६०	५६०
सम्वन्ध विच्छेद	७०	७०
पूर्वाधार विकास सडक निर्माण नया कट्टिङ्ग	६१५२मिटर	६१५२मिटर
कालोपत्रे सडक निर्माण	८०० मिटर	८००मिटर
ग्राभेल सडक निर्माण	७९७७मिटर	७९७७ मिटर
ग्राभेल सडक नाला	१७४२मिटर	१७४२मिटर
सडक मर्मत	४४२९०मिटर	४४२९०मिटर
विद्युत विस्तार	७६३६मिटर	७६३६मिटर
बायो ग्यास निर्माण	२६ वटा	२६ वटा
सिचाई कुलो	५०९४मिटर	५०९४मिटर
पाईप खरिद तथा निर्माण	३७६२८ मिटर	३७६२८ मिटर
खानेपापनी	२२वटा	२२वटा
फिल्ड निर्माण	२ वटा	२वटा
भवन मठ मन्दिर प्रतिक्षालय	३२वटा	३२वटा

१३ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ ऐन, ६ नियमावली, ४६ कार्यविधि गरी ६५ कानुन निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ ।

१४ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो लगायत विपद व्यवस्थापन मर्मत संभार कोष लगायत कुनै पनि कोष खडा गरेको देखिएन ।

१५ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय १ करोड २९ लाख ६५ हजार राजस्व बाँडफाँड रु.१२ करोड २८ लाख ७९ हजार र अनुदानबाट रु.५६ करोड १२ लाख ९४ हजार समेत रु.६९ करोड ७१ लाख ३८ हजार आम्दानी भएकोमा पूँजीगततर्फ रु.२१ करोड ३५ लाख ५७ हजार र चालु तर्फ रु.४८ करोड ३५ लाख ८१ हजार खर्च भएको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ५७ लाख १७ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान

र राजस्व बाँडफाँडको रकमबाट चालु ६९.३७ र पूँजीगत ३०.६३ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन ध्यान दिनुपर्दछ ।

१६ **अवण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भैपरी आउने पूँजीगत खर्चमा रु.९८ लाख ९० हजार र नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षकमा रु.२५ लाख समेत रु.१ करोड २३ लाख ९० हजार अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको विभिन्न मितिको निर्णयले भैपरी आउने पूँजीगत शीर्षकबाट ६६ वटा योजनामा रु. ९७ लाख ७३ हजार र विपद् व्यवस्थापन कोष शीर्षकबाट ४५ वटा कार्यक्रममा रु.२५ लाखसमेत रु.१ करोड २२ लाख ७३ हजार खर्च गरेको छ । पालिकाले भैपरी आउने पूँजीगत शीर्षकबाट इन्धन, नृत्य प्रशिक्षकको तलव, तीज कार्यक्रम संचालन, दैनिक भ्रमण भत्ता, सूचना प्रकाशन, मसलन्द तथा कार्यालय सामाग्री खरिद जस्ता चालू प्रकृतिको शीर्षकमा खर्च गर्ने गरेको देखिन्छ । उक्त खर्चलाई नगरसभामा अनुमोदन समेत गरेको देखिएन । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

गोश्वारा भौचर नं.	अवण्डा वजेट शीर्षक	खर्च गरेको शीर्षक	खर्च रकम
५-२०७९।५।२१	भैपरी आउने पूँजीगत	तीज कार्यक्रम	५००००
८-२०७९।५।२३	भैपरी आउने पूँजीगत	इन्धन खर्च	२८०१५७
१३-२०७९।६।६	भैपरी आउने पूँजीगत	नृत्य प्रशिक्षकको तलव	११००००
२९-२०७९।६।९	भैपरी आउने पूँजीगत	तीज कार्यक्रम	२००००
४५-२०७९।६।१४	भैपरी आउने पूँजीगत	सेवा करारमा कर्मचारी छनौट खर्च	४९७२०
४४-२०७९।६।१४	भैपरी आउने पूँजीगत	अनुगमन तथा मूल्यांकन खर्च	५४१००
५३-२०७९।७।२	भैपरी आउने पूँजीगत	मसलन्द सामाग्री खरिद	१८५६४४
६८-२०७९।७।३	भैपरी आउने पूँजीगत	सूचना प्रकाशन	६२१५०

१७ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **वडा सचिव परपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको १४ दरबन्दीमा १२ पदपूर्ति भई २ पद रिक्त रहेको छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

१९ **लेखा श्रेष्ता** - आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फस्यौंटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अभिकारीले रकम भुक्तानी दिनु वा फस्यौंट गर्नु अघि प्रमाणित गर्नु पर्नेछ। पेश्की दिदाँ तथा फस्यौंट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। पेश्की फस्यौंट गर्दा खर्चको तेरिज बनाई नराखेकोले जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ । अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ ।

२० **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १४,३३,३५०/- खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

२१ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी १६१ जना व्यक्तिहरुलाई रु ८,०४,९२५/- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२ **आन्तरिक राजस्व** - पालिकाले आन्तरिक आम्दानी तर्फको रु. १ करोड २९ लाख ६५ हजार प्राप्त भएको देखिन्छ ।पालिकाले चैत्र महिना सम्मको आम्दानी रसिद बाट आम्दानी काटिएको भएपनी आम्दानी को रसिद लेखापरीक्षणको समयमा परीक्षण भएको छैन ।

२३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय
५६१२९५०००	१२९६५०००	२.३०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.३० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **बहत्तर शुल्क** - ढुंगा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ बमोजिम गाउँ/नगर सभाले स्वीकृत दरमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन, संकलनको अनुमति र विक्रीको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ । पालिका क्षेत्रको भेरी नदि तथा त्यसका सहायक खोलाहरुबाट दहत्तर बहत्तर ६२१०० घन मिटर उत्खनन गर्न रु.७५,०५,५२७.७५।- को लागत अनुमान गरी २०७९।५।३० मा सूचना प्रकाशन गरेको देखियो । सूचना अनुसार सवैभन्दा बढि रु.१ करोड ८ लाख ५० हजार (कर बाहेक) कवोल गर्ने श्री सहकार्य कन्स्ट्रन बीरेन्द्रनगर सुर्खेत सँग २०७९।८।१३ मा भएको सम्झौता कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः

२४.१ **राजस्व संकलन** - नदिजन्य तथा खानीजन्य पदार्थ उत्खननको ठेक्का पाएको उक्त कम्पनीले सम्झौताको बुदा नः १ को (क) मा सम्झौता भएको अंकको ५० प्रतिशत रकम सम्झौता भएको मितिमा र बाँकी रकम चैत्र मसान्त भित्र कार्यालयको खातामा जम्मा गर्नुपर्ने उल्लेख छ । ग्यारेन्टी समेत पेश गरी दहत्तर बहत्तर उठाउनु पर्ने साथै ठेक्का कबोल गर्ने फर्मले आफुले कबोल गरेको रु.१ करोड ८ लाख ५० हजार (कर बाहेक) मध्ये रु.५४ लाख २५ हजार जम्मा गरेकोमा बाँकी रकम २०८०।०४।०४ मा रु.१४ लाख र २०८०।०७।१२ मा रु.४० लाख २५ हजार जम्मा गरेको छ । सम्झौता अनुसार २०७९।१२।१५ भित्र बुझाइ सक्नुपर्ने राजस्व समयमा दाखिला नगरेकोमा नियमानुसार लाग्ने व्याज समेत असूल गरेको छैन । सम्झौतामा व्याज नतोकिएकमा प्रचलित कानून बमोजिम किस्ता रकम ढिला दाखिला गरेकोमा व्याज असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम प्राप्त भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,६९,१९७

२४.२ **राजस्व बाँडफाँडको रकम –**

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८१।१।६ को निर्णयबाट रु.५७,७०,५००।- सम्परीक्षण गरिएको ।)

२५ **बोलपत्र फाइल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख राखेको छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

२६ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

२७ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२८ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

२९ **मेहेलकुना मालपोत बोटेचौर भित्र सडक** - पालिकाले मिति २०७९।८।२० मा मेहेलकुना मालपोत बोटेचौर भित्री निर्माण कार्यका लागि निर्माण व्यवसायी पि.सि. कन्स्ट्रक्सनसँग रु.६४,९८,९२४/- मूल्य अभिवृद्धि करबाहेक संझौता गरी रु. ४७,३७,५३८।० मूल्य अभिवृद्धि करबाहेक भुक्तानी भएको छ । उक्त सडक कार्य तीन खण्डमा गरिएको भएता पनि बोटेचौर खण्डमा संघीय सरकार सघन सहरी विकास कार्यालयले सडक विस्तारको लागि ठेक्का व्यवस्थापन भएकोले सो खण्डको कार्य नगरी कार्यस्वीकार गर्नुपरेको कार्यालयको भनाई छ । योजनाहरु छनौट गर्दा संघीय तथा प्रदेश सरकारको कार्यक्षेत्रमा दोहोरो नहुने गरी गर्नुपर्दछ ।

३० **बायोकाडा बर्थिङ्ग केन्द्र निर्माणमा ढीलाई** - उपभोक्तासंग भएको सम्झौता अनुसार तोकिएको समय र लागतमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । पालिकाले बायोकाडा स्वास्थ्य चौकिमा बर्थिङ्ग सेन्टर निर्माणका लागि यो वर्ष रु.४० लाख वजेट व्यवस्था भई रु.२ लाख कन्टिन्जेन्सी कटाई रु.३८ लाखमा २०८० आषाढ मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गर्न उपभोक्तासंग संझौता भएकोमा समयमा निर्माण कार्य नगरेको कारण रु.२६९५५२९।- को मात्र मूल्याङ्कन गरी बाँकी वजेट फ्रीज भएको अवस्था छ । सम्झौता अनुसार काम नगर्ने निर्माण उपभोक्तालाई जिम्मेवार बनाई आवश्यक स्रोत व्यवस्थापन गरी भवन निर्माणको बाँकी काम सम्पन्न गर्नुपर्दछ । साथै खर्चमा आधारित भई कन्टिन्जेन्सी कट्टा गर्नुपर्नेमा कुल वजेटको आधारमा कट्टा गर्दा खर्चभन्दा रु.६५,०२३।५५ बढी कट्टा भएको रकम सम्बन्धित सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६५,०२३.५५

३१ **आयोजन बिस्तृत प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० को उपनियम (१) को (ख) मा नयाँ योजना तथा कार्यक्रमका लागि वजेट प्रस्ताव गर्दा पुँजीगत प्रकृतिका भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा आगामी वर्ष खर्च हुनसक्ने रकमको प्राविधिक र आर्थिक पुष्टयाई समेतका आधारमा वजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकार बिशेष अनुदानबाट वडा नं.५ मा लिखे-काल्चे खानेपानी योजनाका लागि रु.२० लाख १३ हजार विनियोजन भएकोमा कन्टिन्जेन्सी समेत रु.१७ हजार खर्च गरेको छ ।उक्त योजनाको बिस्तृत आयोजना प्रतिवेदन पेश भएन ।खानेपानी योजनाको सम्भाव्यता अध्ययन तथा आयोजन बिस्तृत प्रतिवेदन लगायत कागजात पेश नभएबाट योजनाको एकमुष्ट लागत तथा बाँकी काम उल्लेख भएन । उपभोक्तामार्फत निर्माण गरिएको सो योजना सालबसाली गर्दै आउदा स्रोत

व्यवस्थापन र समय समेत स्पष्ट नभएबाट उपलव्धी मापन गर्ने आधार भएन ।लक्षित उपलव्धीका लागि ऐनको उक्त व्यवस्था पालना गरी निर्माण कार्य भएको नदेखिएकोले आयोजन बिस्तृत प्रतिवेदनका आधारमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

३२ **आँखा अस्पताल भवन** - सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ३ अनुसार प्याकेजिङ्ग गरी ऐनको दफा ८ बमोजिम खरिदको उचित प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संसद विकास कोषमार्फत नेत्रज्योति संघका लागि मेहलकुना आँखा अस्पताल निर्माणमा रु.९० लाखको एकतल्ले भवनको लागत अनुमान तयार गरी बोलपत्र भएकोमा निर्माण व्यवसायी मार्फत रु.५९ लाख ६८ हजारमा निर्माण सम्पन्न भएको देखियो । उक्त भवनको पहिलो तल्लाका लागि पुन सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशबाट वजेट व्यवस्था भई उपभोक्ता समितिको योगदानबाहेक रु.२१ लाख ९९ हजार खर्च गरी ढलान तथा वालको काम गराएकोमा यसवर्ष सामाजिक विकास मन्त्रालयको वजेटबाट उपभोक्ता समिति परिचालन गरी रु.३२ लाख ८७ हजार समेत हासम्म रु ११४५३८०३/- खर्च भएको छ ।एउटै प्याकेजमा लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा निर्माण व्यवसायी र उपभोक्ता समितिबाट खर्च गरेको उचित देखिएन । पटके लागत अनुमान गरी निर्माण कार्यमा खर्च गर्दा प्राविधिक जटिलतासंगै खरिद नियमावली समेत पालना हुने देखिएन ।साथै नेत्रज्योति संघ छुट्टै स्थापित संस्था भएकोले प्रदेश सरकारबाट लगानी भएको सो भवनमा प्रस्तावित आँखा अस्पतालबाट प्राप्त आम्दानी खर्च समेत पालिकासँग कुनै सम्बन्ध देखिएको छैन ।नाफामुलक संस्थाका लागि प्रदेश सरकारबाट लगानी हुन उपयुक्त देखिदैन । यस्ता खर्चमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ ।

३३ **पूर्वनिर्धारित क्षेतिपूर्ति** - सार्वजनिक खरिद नियमाली, २०६४ को नियम १२१ अनुसार सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं.२ मा आँपखोली-मालारानी-गुफाखोला डाव सडक निर्माणका लागि निर्माण व्यवसायी पी.एल कन्स्ट्रक्सनसंग २०७९।०२।१५ भित्र मूल्य अभिबृद्धि कर बाहेक रु.४८,२०,७२८।- लागतमा निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएकोमा निर्माण सम्पन्न हुन नसकी २०८०।०३।१५ सम्म म्याद थप गरेपनि यस वर्ष भुक्तानी भएको रु.१२,१८,१२/- समेत रु.१४,९२,८७७/- मात्र भुक्तानी लिई निर्माण कार्य अलपत्र रहेको देखियो । मूल्य अभिबृद्धि करसमेत रु.१ करोड २० लाख लागत अनुमान भएको उक्त सडक अत्याधिक घटीमा ठेक्का सम्झौता भएको कारण कडा चट्टान कटान लगायत मूख्य र गाह्रो काम नगरी निर्माण अलपत्र पार्ने निर्माण व्यवसायीलाई पूर्वानिर्धारित क्षतिपूर्ति सहित निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

३४ **सोलार प्यानल खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिद कार्यको आवश्यकता एकिन गरेर मात्र मालसामान, निर्माण कार्य तथा सेवाको विवरण तयार गरी खरिद नियमावलीको नियम १० अनुसार लागत तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ ।पालिकाले दैलेखी ऊर्जा घर प्रा.लि.बाट २५५ वाटको सोलार प्यानल सेट खरिद गरी रु.४,९८,८४९।९५ खर्च गरेकोमा उक्त सोलारसेट जडान ज्यालाबापत प्राविधिकको शुल्क रु.१०,९१९.४६ थप मूल्य अभिबृद्धि कर समेत भुक्तानी भएपनि हालसम्म उक्त सोलार जडान गरी प्रयोगमा नल्याई स्टोरमा मौज्दात राखेको देखियो । आवश्यकता एकिन नगरी खरिद कार्य सम्पन्न गरी काम नै नगरेको ज्याला भुक्तानी गर्नेलाई जिम्मेवार बनाई उक्त सोलार प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९८,८४९.९५

३५ **समपुरक खर्च** - समपुरक अनुदानबाट प्राप्त वजेट खर्च गर्दा पालिका र साझेदार निकायबाट समान अनुपातामा खर्च गर्नु पर्दछ । संघीय सरकारको वजेटबाट भेरी बहुमुखी क्याम्पस भवन निर्माणका लागि रु.१ करोड २८ लाख खर्च भएकोमा पालिकाबाट रु.१,१६,२०,२४६।- मात्र खर्च भएबाट रु.११,७९,७५३।- घटी खर्च भएको उक्त योजनाको आयोजना विस्तृत प्रतिवेदन संलग्न नरहेबाट खर्च स्पष्ट भएन । उक्त भवनको निर्माणधिन अवस्थामा रहेकोले बाँकी खर्च मिलान गरिने जनाएता पनि सो क्याम्पसको एउटा भवन संघीय सरकारको वजेटबाटै निर्माण भएको तर यसवर्ष समपुरकमा वजेट पठाएको देखिएकोले थप वजेटको प्रकृति अनुसार खर्च व्ययभार हुने भएकोले समान व्यय हुनेगरी खर्च भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	११,७९,७५३

३६ **प्राविधिक शिक्षालय भवन** - सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ३ अनुसार प्याकेजिङ्ग गरी ऐनको दफा ८ बमोजिम खरिदको उचित प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाको गुमीमा प्राविधिक शिक्षालय भवन निर्माणका लागि कुल रु.१ करोड ५३ लाखको लागत अनुमान पेश भएकोमा यस वर्ष रु.१ करोड २ लाख प्राप्त भएकोमा दुईवटा भवनका लागि २ वटा छुट्टाछुट्टै उपभोक्ता समिति बनाई २ तल्ले भवनका लागि रु.६५ लाख र १ तल्ले भवनका लागि रु.३७ लाख गरी निकासा रकम पुरै खर्च लेखेको छ । उक्त भवनहरुको प्लाष्टर, रंगरोगन तथा झ्यालढोका लगायत फिनिसिङ्ग कार्य बाँकी नै रहेको छ । जटील र ठुला संरचना निर्माणका लागि समेत उपभोक्ता परिचालन गर्ने उद्धेश्यले भवनको छुट्टै प्याकेज बनाई निर्माण कार्य गरेको देखिन्छ । साथै उक्त निर्माण कार्य सम्पन्न गर्न लेखापरीक्षण अवधि(२०८० मंसिर) सम्ममा पनि स्रोत सुनिर्शचितता नभएको देखिएबाट उक्त भवन उपयोगमा ढिलाई हुने प्राय निश्चित भएको छ । प्रचलित कानूनको पालना गर्दै उक्त भवन फिनिसिङ्ग गरी उपयोगमा ल्याउनु पर्दछ ।

३७ **मूल्य अभिबृद्धि कर समायोजन -**

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१८,०१,७९९.६७।- सम्परीक्षण गरिएको ।)

३८ **कार्यक्षेत्रबाहेको कार्यमा भुक्तानी** - आर्थिक कार्यविधि ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा पालिकाले निर्माण गरेको कार्यविधिहरुमा वचत तथा ऋण सहकारी संस्थामार्फत कार्यक्रम संचालन सक्ने उल्लेख भएको देखिन्दैन । पालिकाले एकल महिला आयआर्जन कार्यक्रम संचालन गरी शिवालय महिला विकास वचत तथा ऋण सहकारी संस्थालाई रु.२ लाख भुक्तानी दिएको छ । कानूनले तोकेको भन्दा फरक कार्यक्षेत्र भएको सहकारी संस्था मार्फत विना प्रतिस्पर्धा कार्यक्रम संचालन गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

अनियमित भएको	२,००,०००

३९ **पञ्चवर्षीय आवधिक योजना निर्माण** - सार्वजनिक निकायले खरिद गर्दा सार्वजनिक खरिद ऐन,नियम अनुसार लागत अनुमान तयार गर्नुपर्दछ ।पालिकाले आवधिक योजना निर्माणका लागि सोसल रिसर्च एण्ड ट्रेनिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई रु.९,९५,५३०।० भुक्तानी गरेको छ । पालिकाले उक्त योजना निर्माणको लागत अनुमान तयार नगरेको, कन्सल्टेन्सीलाई कार्य शर्तहरु नतोकेको, प्राप्त योजना दाखिला नभएको साथै पालिकाले अनुमोदन तथा कार्यान्वयनसमेत गरेको देखिएन । पालिकाले निर्माण गरेको योजना वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग तादाम्यता कायम गरी कार्यान्वयन गरिनुपर्दछ ।

४० **नर्सरी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८ मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिमको प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ । एकल महिला समूह वडा नं. ८ लाई नर्सरी व्यवस्थापन गरेवापत रु.१ लाख ५० हजार भुक्तानी दिएको छ । उक्त भुक्तानीबाट नर्सरी व्यवस्थापनका लागि तालिम संचालन, नर्सरीका लागि जग्गा व्यवस्थापन, विरुवा उत्पादन तथा वितरणको भएको उल्लेख भएतापनि अभिलेख साथै कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले नर्सरी व्यवस्थापन भएको खर्चको एकिन गर्न सकिएन । खर्च पुष्टि हुनेगरी प्रतिवेदन पेश गर्नुपर्ने रु–

प्रमाण पेश नगरेको	१,५०,०००

४१ **समितिको योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिलाई काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत तरकारी तथा फलफुलको विरुवा खरिद गरी रु.२ लाख भुक्तानी दिएकोमा उपभोक्ता समितिको योगदान कट्टा गरेको छैन । नियमको उक्त व्यवस्था अनुसार उपभोक्ताको अंश बापतको भुक्तानी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,००,०००

४२ **बीमा पेश नभएको** - उपभोक्तासाग भएको संझौता अनुसार खरिद गरिएको राँगाको अनिवार्य रुपमा वीमा गर्नुपर्ने, ५ वर्ष सम्म मास्न नपाइने, नियमित अनुगमन गर्नपर्ने उल्लेख छ । पालिकाले ५० प्रतिशत अनुदानमा उन्नत जातको राँगा खरिद गरी रु.९८,२५०।- भुक्तानी दिएको छ । खरिद गरिएको राँगाको नियमित अनुगमन साथै बीमा गराएको देखिएन । संझौता बमोजिम अनुगमन तथा बीमा गराउनु पर्दछ ।

भौचर नं. र मिति	विवरण	भुक्तानी रकम
६५९-२०८०।३।२१	मोहन कृषि फर्म	४८५००
६१८-२०८०।३।१८	लिला बहादुर थापा	४९७५०
	जम्मा	**९८२५०**

४३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी

नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको पाइप तथा विद्युत सामाग्री खरिद गरी रु.१६,५५,०८१/- भुक्तानी दिएको देखियो । उक्त भुक्तानी रकमको नापी किताव, प्राविधिक विल तथा प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन पेश गर्नुपर्ने रु.

भौचर नं.	विवरण	भुक्तानी रकम
५१०-२०८०।२।२९	पाईप खरिद	३१८९२०
९१-२०७९।८।१३	खानेपानी तथा सिचाइ योजनाको लागि पानी खरिद	४८३८९०
५९०-२०८०।३।११	विद्युतीय तार खरिद	३७२२७१
६१२-२०८०।३।१८	२००mm को १६७ मिटर पाइप खरिद	४८००००
	जम्मा	१६५५०८१
	प्रमाण पेश नगरेको	१६,५५,०८१

४४ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP2)** - पालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम विचमा संझौता लागत साझेदारीमा संचालन गरी यस वर्ष रु.२,०४,७८,३०९।० भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

४४.१ **विल भरपाई पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले संझौता वमोजिम उपभोक्ता समितिको व्यवस्थापन खर्च रु.१०,०००।— र वायोइन्जिनियरिङ तर्फ रु.२०,०००।— समेत रु.३०,०००/- भुक्तानीमा विल भरपाई तथा खर्चहरुको पुष्ट्याई गर्ने कागजातहरु पेश भएको छैन । उक्त कागजात पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३०,०००

४४.२ आँपखोली महारानी गुफासडक पहिरो नियन्त्रण तथ वृक्षारोपण योजनामा संझौता अनुसार उपभोक्ता समितिले हेभी मेसिन प्रयोग गर्न नपाइने उल्लेख भएको समितिले प्राविधिकको सिफारिस वेगर हेभी मेसीन प्रयोग गरी रु.२,९०,४१०/- भुक्तानी दिएको छ । उक्त भुक्तानी संझौता विपरित देखिएको रु.

प्रमाण पेश नगरेको	२,९०,४१०

४४.३ बढी भुक्तानीः पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा खर्चहरुको पुष्ट्याई गर्ने कागजात सहित भुक्तानी गर्नुपर्नेमा उपभोक्ताको विलमा देहायको आइटमहरुमा खर्च पुष्टी गर्ने विल भरपाई भन्दा रु.८,८६८/- बढी भुक्तानी गरेको देखियो । उक्त बढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

विवरण	बास्तविक कार्य	भुक्तानी रकम	बढी भुक्तानी रकम
Geotextile	१५०००	१५६००	६००
90mm HDP pipe	३८३९९	४६१६७	७७६८
Hoarding Board	९५००	१००००	५००
जम्मा	६२८९९	७१७६७	८८६८

असुल गर्नुपर्ने	८,८६८

४४.४ **डोर हाजिर फारम** - उपभोक्ता समितिले म.ले.प.फारम नंः ५११ डोर हाजिर पेश गर्दा कामदारको प्रकृति, कामदारको ठेगाना सहितको नामथर, काम गरेको मिति, हस्ताक्षर समेत उल्लेख गरी पेश गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिलाई श्रमिकको ज्यालावापत रु.२,२५,०००।० भुक्तानी गर्दा माथि उल्लेखित विवरणहरु डोर हाजिरमा उल्लेख गरेको देखिएन । फारममा माग भए बमोजिमको विवरण भरेर मात्र पेश गर्नुपर्दछ ।

४५ **उपयुक्त प्रविधि हस्तान्तरण** - गुर्भाकोट नगरपालिका उद्योग तथा व्यवसाय प्रवदर्धन, उपयुक्त प्रविधि हस्तान्तरण तथा मागमा आधारित अनुदान सहयोग कार्यक्रम कार्यविधि, २०७८ को दफा १३ मा नगरपालिकाले विनियोजन गरेको वजेटको परिधिभित्र रही आवेदन साथ संलग्न प्रस्ताव अनुसार कार्यक्रमबाट हुने उपलब्धी र प्रभावका आधारमा मूल्यांकन समितिले सिफारिस गरी उद्योग तथा समन्वय समितिले स्वीकृत गरेका उद्यमीहरुसँग संझौता गरी बढीमा रु. २ लाख सम्मको प्रविधि खरिदमा अनुदान दिने उल्लेख छ । त्यस्तै दफा १४ मा उद्यमीले प्रविधिको उचित सदुपयोग गर्नुपर्ने, हक हस्तान्तरण तथा विक्री वितरण गर्न नपाइने, एक पटक प्रविधि उपलब्ध गराएपछि पुन २ वर्षसम्म प्रविधि हस्तान्तरण नगरिने उल्लेख छ । पालिकाले यस वर्ष अटो खरिद लगायतमा रु.१८ लाख ९३ हजार अनुदान वितरण गरेको छ । पालिकाले उक्त अनुदानको अनुगमन गरेको देखिन्दैन । वितरण गरिएको अनुदान उपयोगको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

४६ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान तथा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न किसिकमा बस्तु तथा सेवा खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु.१,३७,४५,१२६।- को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई

प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ । त्यस्तै एउटै फर्म तथा कम्पनीबाट पटक पटक कानूनले तोकेको भन्दा बढी रु.७०,३४,३६८।- को वस्तु तथा सेवा खरिद गरेको अनियमित देखिएको रु.

क्र.स.	आपूर्तिकर्ता	विवरण	भुक्तानी रकम
१	लक्ष्मी एग्रिकल्चर सप्लायर्स	साझेदारी कार्यक्रमको लागि निर्माण सामाग्री खरिद	२५०५५४४.
२	गंगामाला ट्रेडिङ्ग कन्सर्न	सामाग्री खरिद	२३३५४८७.
३	ढकाल अफसेट प्रेस	छपाइ तथा कार्यालय सामाग्री	११२२७०२.
४	ढकाल अफसेट प्रेस	कार्यालय सामाग्री खरिद	३२१४४५.
		जम्मा रकम	**७०३४३६८.**
५	न्यू आर.के सप्लायर्स	कार्यालय सामाग्री खरिद	१५१११८.
६	न्यू साझा कम्प्युटर ट्रेड	ल्यापटप, कम्प्यूटर लगायतका विद्युतीय सामाग्री खरिद	९५८६५७.
८	न्यु साझा इलोक्ट्रोनिक एण्ड अर्डर सप्लायर्स	ल्यापटप, कम्प्यूटर लगायतका विद्युतीय सामाग्री खरिद	९०८१६४.
९	देवकोटा इलेक्ट्रोनिक्स सेन्टर	ल्यापटप, कम्प्यूटर लगायतका विद्युतीय सामाग्री खरिद	१८४५३९.
१०	मोहम्मद सलिम फर्निचर उद्योग	फर्निचर खरिद	२१२१४०.
११	त्रिपुर इन्जिनियरिङ्ग प्रा.लि.		३७३९१६.
१२	गिब्सन छापाखाना उद्योग	छपाइ तथा कार्यालय सामाग्री	२५८८९२.
१३	ओम कम्प्युटर्स	ल्यापटप, कम्प्यूटर लगायतका विद्युतीय सामाग्री खरिद	७२६६४७.
१४	सुपर्व अफसेट एण्ड फ्लेक्स प्रिन्ट सोलुसन	छपाइ तथा कार्यालय सामाग्री	८७२८४३.
१५	सम्झौता स्टेसनरी स्टोर्स	मसलन्द सामाग्री खरिद	५२८३०३.
१६	इन्फोस टेक्नीकल एजुकेसन सेन्टर (आइ.टि.इ. सी)	ल्यापटप, कम्प्यूटर लगायतका विद्युतीय सामाग्री खरिद	४४७१६०.
१७	भण्डारी सप्लायर्स	मसलन्द सामाग्री खरिद	१८३१७९.
१८	नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.	मसलन्द सामाग्री खरिद	११५९५०.
१९	कर्णाली इलेक्ट्रोनिक सोलुसन	ल्यापटप, कम्प्यूटर, प्रिन्टर लगायतका विद्युतीय सामाग्री खरिद	३४२८२८.
२०	गिब्सन छापाखाना उद्योग	छपाइ तथा कार्यालय सामाग्री	१३३७०७.
२१	नवरत्न इन्टरप्राइजेज	मसलन्द तथा कार्यालय सामाग्री खरिद	३१२७१५.
		जम्मा रकम	६७१०७५८.

कुल जम्मा	**१३७४५१२६**
अनियमित भएको	७०,३४,३६७

४७ **निर्देशिका पालना** - शहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ को दफा ७ मा पहिचानमा रहेका शहिदका परिवारलाई २०७९ श्रावण १ गतेदेखि प्रतिमहिना रु.२ हजारका दरले भत्ता उपलव्ध गराउने व्यवस्था छ ।कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट उक्त भत्ता वितरणका लागि रु.५ लाख ५२ हजार निकासा भएकोमा कार्यपालिकाको निर्णयले ३१ जनालाई रु.१७,२५०।- का दरले दामासाही उपलव्ध गराएको छ ।मन्त्रालयबाट २३ जनाका लागि निकासा भएको रकम ३१ जनाका लागि निकासा भएको रकम कार्यपालिकाको निर्णयबाट ३१ जनालाई वितरण गर्दा निर्देशिकाको पालना भएको देखिएन ।पालिका र मन्त्रालयको उपयुक्त समन्वय नभएबाट प्रदेश सरकारको निर्देशिका पालना भएको छैन । शहिद परिवारको लगत एकिन गरी निर्देशिका अनुसार निकासा खर्च गर्नुपर्दछ ।

४८ **ग्यावीन जाली खरिद - नेपाल** जलवायु परिवर्तन सहयोग कार्यक्रमसँग पालिकाले गरेको सम्झौता अनुसार लाफा(LAPA) दस्तावेज वनाउनको लागि कार्यक्रमबाट रु.१५ लाख र पालिकाबाट रु. ५ लाख समेत रु.२० लाख विनयोजन भएकोमा दस्तावेज तयार गरी रु.९,७८,५८०।० भुक्तानी दिएको पाइयो । नगर कार्यपालिको मिति २०८०।२।६ को निर्णयले बाँकी बजेटबाट रु.४,९९,९५४।० को ग्याविन जाली खरिद गरी भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख नभएको ग्यावीन जाली खरिद गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,९९,९५४

४९ **साहारे मालारानी सिचाईं नाला मर्मत तथा निर्माण**

४९.१ **सहलगानी कोषको योगदान नभएको** - नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँग पालिकाले गरेको सम्झौता पत्र (MoU) बमोजिम जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिमुखीकरण सम्बन्धी विभिन्न क्रियाकलापहरु सम्पन्न गर्न कार्यक्रमको तर्फबाट रु.२३ लाख ५० हजार र पालिकाबाट रु.११ लाख गरी जम्मा रु.३४ लाख ५० हजार बजेट विनियोजन भएकोमा रु.३३,६३,२७७।— भुक्तानी भएको देखियो । संझौता वमोजिम कार्यक्रमको तर्फबाट रु. २२,९१,०६५।० र पालिकाबाट रु.१०,७२,२१२।० खर्च हुनुपर्नेमा पालिकाको योगदान खर्च गरेको देखिएन ।

४९.२ आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिले व्यवस्थापन खर्च वापत रु.१०,०००।० भुक्तानी भएकोमा विल भरपाई पेश नभएकोले उक्त रकम असुल उपर गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१०,०००

४९.३ **बढी भुक्तानी-** पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा खर्चहरुको पुष्ट्याई गर्ने कागजात सहित भुक्तानी गर्नुपर्नेमा उपभोक्ताको विलमा देहायको आइटमहरुमा खर्च पुष्टी गर्ने विल भरपाई भन्दा रु.१६,८२०/- बढी भुक्तानी गरेको देखियो । उक्त बढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

विवरण	वास्तविक विल	भुक्तानी रकम	बढी भुक्तानी
(3*1*1) Heavy coated Gabion size	६६००३	७१६७४	५६७१
(2*1*1)Heavy coated Gabion size	३७८०२	४५३९१	७५८९
Project Information Board	६४४०	१००००	३५६०
जम्मा	११०२४५	१२७०६५	१६८२०

असुल गर्नुपर्ने	१६,८२०

५० **उपभोक्ता समिति वा लाभग्राही समुदायको काम** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न २३४ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.७ करोड ९३ लाख ९३ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

५०.१ **निर्माण लगत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

५०.२ **हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता

समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

५०.३ **सार्वजनिक सूचना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

५०.४ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५०.५ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

५१ **उपभोक्ता समितिको कार्य सवकन्ट्र्याक्टरबाट गराएको** - गुर्भाकोट नगरगाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७५ को नियम ११ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने उल्लेख छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १४ मा उपभोक्ता समितिबाट निर्माण काम गराउँदा श्रममुलक कामको निर्धारण गर्ने, मितव्ययिता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने आधारको विषयमा समेत विचार गरी काम

गराउनुपर्ने तथा नियम ९७ को उपनियम १३(क) अनुसार उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसराको उपभोक्ता समितिले पाएको निर्माण कार्य सवकन्ट्र्याक्टरबाट गराएको देखिएकोले नियमानुसार कालोसूचीमा राख्न गरेको सिफारिस सहित नियमित हुनुपर्ने रु.

क्र.स.	उपभोक्ता समितिको नाम	पालिकाबाट भुक्तानी रकम	निर्माण व्यवसायिको नाम	निर्माण व्यवसायिलाई भुक्तानी रकम
१	वडा नं. ६ सडक सोरसार उपभोक्ता समिति	४०००००	गुर्माकोट कन्स्ट्रक्सन प्रा.लि.	४०००००
२	वडा नं. १३ का विभिन्न सडकहरु मर्मत उपभोक्ता समिति	२३१६५०	नवनयन निर्माण सेवा	२३१६५०
३	वडा नं. २ भित्रका सडक सोरसार तथा मर्मत उपभोक्ता समिति	७२७५००	भरत निर्माण सेवा	७२७५००
४	वडा नं. १ भित्रका सडक सोरसार तथा मर्मत उपभोक्ता समिति	६०००००	भरत निर्माण सेवा	६०००००
५	भिरगाउँ हल्दार टोल सडक निर्माण उपभोक्ता समिति	१५००००	भरत निर्माण सेवा	१५००००
६	वडा नं. ३ भित्रका सडक सोरसार तथा मर्मत उपभोक्ता समिति	६४०२००	जय भगवति कन्स्ट्रक्सन	६४०२००
७	पानीट्याङ्की देखि चिस्यान केन्द्रसम्म सडक उपभोक्ता समिति	२६६४८२	शिखर गुर्माकोट निर्माण सेवा	२६६४८२
८	सडक मर्मत उपभोक्ता समिति वडा नं. १४	३०८२६०	जि ए डेभलपर कन्स्ट्रक्सन प्रा.लि	३०८२६०
९	सडक सरसफाई उपभोक्ता समिति वडा नं. ५	६२२२३२	भरत निर्माण सेवा	६२२२३२
	जम्मा	**३९४६३२४**		**३९४६३२४**

अनियमित भएको	३९,४६,३२४

५२ **कर्मचारी व्यवस्थापन** - नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँग पालिकाले गरेको सम्झौता बमोजिम कार्यक्रमबाट बढीमा दुईजना कर्मचारी सेवा करारमा भर्ना गर्न पाईने, कर्मचारीहरुको पारिश्रमिक प्राविधिक सहायता प्रदायकको कार्यसम्पादनको अनुमोदन पश्चात मात्रै हुने उल्लेख भएअनुसार जीवन ढकाललाई माघ

२७ देखि बैशाख २०८० सम्म रु.७०,५००।० र गोविन्द खड्कालाई बैशाख २० देखि आषाढ २३ सम्म रु.६६,०००।० समेत गरी रु.१,३६,५००।० भुक्तानी दिएको छ । पालिकाले उक्त कर्मचारीहरुको कार्यशर्त विवरण (ToR), परिचय खुल्ने कागजात र CV समेत फाईलमा समावेश नगरेको साथै कार्यसम्पादन गुणस्तरीयताको अनुमोदन समेत भएको देखिएन ।

५३ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ७ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचार दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५४ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७(२ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु. २,८०,८५,३७४.५६/- स्वास्थ्यतर्फको रु. रु. २,६३,३२ ,५०५।- शिक्षातर्फको रु.१,८८,७०,७६८/- गरी रु.७,३२,८८,६४७/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५५ **अनुगमन भत्ता** -

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.५५,०००।- सम्परीक्षण गरिएको ।)

५६ **महंगा भत्ता** - करार सम्झौता गर्दा तलव, चाडपर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा ६ महिना समय राखि करार सम्झौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनी कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाइ महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख छ । देहाय बमोजिम करार सम्झौता अन्तर्गत कार्यरत कर्मचारीलाइ महंगी भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकाले भुक्तानी भएको रु.७२,०००/- मंहगी भत्ता असुल गर्नुपर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
१	निरुता आचार्य	२४,०००
२	भानुभक्त ढकाल	२४,०००
३	चन्द्र बहादुर वि.क.	२४०००

असुल गर्नुपर्ने	७२,०००

(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.५,५२,०००।- सम्परीक्षण गरिएको ।)

५७ **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष पदाधिकारी सुविधा वापत रु.१ करोड ५७ लाख १७ हजार भुक्तानी भएको छ।

५८ **न्यायिक समितिको बैठक** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ दफा ११(२) को तर मा गाउँ तथा पालिकाका न्यायिक समितिको हकमा त्यस्ता समितिका सदस्यहरुले प्रतिमहिना बढीमा दुईवटा बैठकको लागि प्रतिवैठक पाँचसय रुपैयाँका दरले इजलास भत्ता पाउने व्यवस्था छ। यस वर्ष पालिकाको न्यायिक समितिको वैठकमा देहायका पदाधिकारीहरुले तोकिएको दर भन्दा बढी दरमा वैठक भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

सि.नं.	नाम थर	भुक्तानी रकम	भुक्तानी हुनुपर्ने रकम	बढि भुक्तानी रकम
२	चितेन्द्र विक	११०००	५५००	५५००
३	हरिमाया घर्ती	११०००	५५००	५५००
			जम्मा	**११०००**

(प्रारम्भिक प्रतिवेदनउपर असुल भई पेस भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.११,०००।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	११,०००

५९ **बिमा** - भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई सरकारी कामको सिलसिलामा मुलुकभित्र वा बाहिर भ्रमण गर्दा भ्रमण वा काज अवधिभर दुर्घटना बीमा शुल्क बापत बिल बमोजिमको रकम पाउने व्यवस्था छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती कर्मचारीहरुको रु.१० लाखको सामुहिक दुर्घटना बीमाको व्यवस्था छ । पालिकाले लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडसँग संम्झौता गरी पालिकामा कार्यरत ४ जना सवारी चालकहरुको जीवन विमा बापत रु.८४,१८१। भुक्तानी गरेको छ । गतविगतबाट सो भुक्तानी हुँदै आएपनि पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा थप सुविधा भुक्तानी गर्न्ने कानुन, कार्यविधि एवं आधार नदेखिएकोले थप सुबिधा सम्वन्धमा पुनर्विचार गर्नुपर्दछ ।

६० **स्थानीय भत्ता** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन। पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

६१ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६२ **हस्तान्तरण** - विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुंजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। पालिकाले सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च शीर्षकबाट इलाका प्रशासन कार्यालय मेहेलकुनालाई देहायका सामाग्री हस्तान्तरण गरेको देखिएकोले अनियमित भएको रु.

मालसामानको विवरण	इस्पेसिफिकेसन	रकम
डेस्कटप कम्प्युटर	All in one	७६५००
ल्यापटप	Lenovo 1.5 gen.8	६९९१५

फायरवेल भि.पि.यन. राउटर	राम्रो	१११५०५
जम्मा		**२९१४४९**

अनियमित भएको	२,९१,४४९

६३ **नभएको कामको भुक्तानी** - आर्थिक कार्थिविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पत्रपत्रिका छपाई वापत पचाल साप्ताहिकलाई भुक्तानी दिएकोले उक्त मितिको पत्रिकामा कुनैपनि सूचनामुलक सन्देश प्रकाशन नभएको हुदा उक्त रकम असुल भइ हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५,०००

६४ **फरक कार्यमा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले परामर्श शीर्षकमा विनियोजन गरेको रु.५० हजार रकमबाट वडा कार्यलयको कर्मचारीहरुलाई झोला खरिद गरी वितरण गरेको छ । तोकिएको खर्च शीर्षक भन्दा फरक शीर्षकबाट झोला खरिद गरी वितरण गरेको अनियमित देखिएको रु.

अनियमित भएको	५०,०००

६५ **पूँजीगत शीर्षकवाट चालु खर्च** - एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या—२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर नगरपालिकाले पूँजीगत शीर्षकबाट चालुप्रकृतिको खर्च गरेको देखियो। पूँजीगत शीर्षकमा चालु प्रकृतिको वजेट खर्च गरेको नियमसंम्मत नदेखिएको रु.

गो.भौ.नं.	कार्यक्रमको नाम	भुक्तानी रकम
४-२०७९।५।२१	तीज कार्यक्रमका लागि शिवालय महिला विकास बचत तथा ऋण सहकारी संस्थालाई भुक्तानी रु.	५००००
२९-२०७९।६।९	तीज विशेष कार्यक्रम उपभोक्ता समिति	२५०००
३८-२०७९।६।१२	तीज विशेष कार्यक्रम संचालन गरी भुक्तानी	३८१३०
३८-२०७९।६।१३	तीज विषेश कार्यक्रम वडा नं. ७	५००००
५०-२०७९।७।२	वडाध्यक्ष कप खेलकुद कार्यक्रम वडा नं. ६	१५००००

१२९-२०७९।९।१३	खेलकुद कार्यक्रम संचालन गरी युवा खेलकुद तथा वाल विकास कार्यक्रम उपभोक्ता समितिलाई भुक्तानी	२०००००
१५२-२०७९।९।२६	खेलकुद कार्यक्रम संचालन गरी मेहेलकुना फुटवल क्लवलाई भुक्तानी	२०००००
१६३-२०७९।९।२८	ल्होसार कार्यक्रम संचालन वापत भुक्तानी	५००००
१६१-२०७९।९।२८	खेलकुद कार्यक्रम संचालन खेलकुद समिति वडा नं. ४	१०००००
२२६-२०७९।१२।९	जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं. १३	२०००००
२३१-२०७९।१२।९	जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं. १०	१२००००
२६१-२०७९।१२।	जेष्ठ नागरिक सम्मान कार्यक्रम	९००००
३३२-२०७९।१२।१७	पञ्चे वाजा व्यवस्थापन	१०००००
३६४-२०८०।१।६	खलेकुद सामाग्री खरिद तथा वितरण वडा नं. १४	१०००००
३९७-२०८०।१।१२	खेलकुद कार्यक्रम संचालन वडा नं. २	५००००
४१४-२०८०।१।१४	मौलिक गरगहना तथा कपडा खरिद	८५०००
४२६-२०८०।१।१९	खेलकुद कार्यक्रम संचालन वडा नं. २	१५००००
	जम्मा	१७५८१३०

अनियमित भएको	१७,५८,१३०

६६ **पूँजीगत शीर्षकबाट चालु खर्च** - एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । नगरपालिकाले पूँजीगत शीर्षकमा कार्यालय संचालन, सचेतना कार्यक्रम, चाड पर्व विशेष कार्यक्रम, खेलुकद कार्यक्रम, सम्मान कार्यक्रम, क्षमता तथा सीप विकास तालिम, बैठक संचालल खर्च, स्वास्थ्य चौकी व्यवस्थापन, वितरणमूखी कार्यक्रम लगायतका १८६ वटा कार्यक्रममा रु.३ करोड ८२ लाख ८७ हजार चालु प्रकृतिको कार्यक्रममा विनियोजन गरी १५५ कार्यक्रम संचालन गरी रु.२ करोड ७३ लाख १८ हजार खर्च गरेको देखियो। पूँजीगत शीर्षकमा चालु प्रकृतिको खर्च समावेश गरी कार्यक्रम संचालन गरेको नियमसंम्मत देखिएन । तसर्थ पालिकाले बजेट तथा कार्यक्रम तयारीको क्रममानै सुधार गर्नुपर्दछ ।

६७ **खर्चको पुष्टयाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) बमोजिम सरकारी निकायबाट कुनै कार्यक्रमको लागि रकम खर्च गर्दा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्दछ । साथै उपनियम ८ बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भैसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरेको मालसामानको वितरण तथा बिल भरपाई सहित कार्यक्रममा उपस्थित

तथा कार्यक्रमबाट लाभान्वित व्यक्तीको संख्या उपस्थिति समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्दछ। पालिकाले देहायका गोश्वारा भौचर/मितिबाट कारोबार गर्दा फरक शीर्षक पारेर भुक्तानी दिएको हुँदा खर्च पुस्टयाँइ हुने आधार पेश हुनुपर्ने रु..

गोश्वारा भौचर/मिति	रकम	विवरण	खर्च भएको शिर्षक	खर्च हुनुपर्ने शिर्षक
६२५।०८०।३।२२	२६५०००	पत्रपत्रिकाको भुक्तानी	कर्मचारीको बैठक भत्ता	संचार खर्च
६३८।०८०।३।१२	१३८००	पदाधिकारीको बैठक भत्ता	कर्मचारीको भ्रमण खर्च	पदाधिकारी बैठक खर्च
६३९।०८०।३।२४	१२३००	घरभाडा भुक्तानी	कर्मचारी तालिम खर्च	घरभाडा खर्च
जम्मा	**२९११००**			

प्रमाण पेश नगरेको	२,९१,१००

६८ **आन्तरीक लेखापरीक्षण व्यहोरा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणमा देखिएका निम्न व्यहोरा हालसम्म फस्यौंट नभएकोले नियमानुसार असुल फस्यौंट गर्नुपर्दछ ।

६८.१ **पाइप खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ६१२, २०८०।०३।१७ बाट जिन्सी दाखिला गरेको देखाई गंगामाला ट्रेडिङ्ग कन्सर्नबाट पाइप खरिद गरेकोमा खरिद र वितरण गरिएको नापी सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	४,७३,५९२

६८.२ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिलभरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । पालिकाले गोचेखोला तटबन्धन निर्माण उपभोक्ता समितिलाई निम्न अनुसार बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु–

गो.भौ.नं. र मिति	कार्यसम्पन्न प्रतिवेदनमा भएको आइटमको परिमाण	दर रू.	जम्मा रकम रू.	उपभोक्ता समितिको बिल भरपाईमा भएको आइटमको परिमाण	दर रू.	जम्मा रकम रू.	बढी भुक्तानी भएको रकम रू.	जम्मा बेरूजु रू.	असुल उपर गर्नुपर्ने रू.
३२, २०७९।०६।०९	१९० के.जी.	४५३	८६०७०	१९०	४००	७६०००	१००७०	१००७०	१००७०

असुल गर्नुपर्ने	१०,०७०

६८.३ **लागत अनुमान भन्दा फरक कार्य** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले लागत अनुमान उल्लेख नगरी देहाय बमोजिमका आइटमलाई थप कार्य भनि कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख गरी रू.४१,४७६/- बढी भुक्तानी गरेको देखिन्छ । लागत अनुमानमा उल्लेख नगरी गरेको भुक्तानी नियम सम्मत नदेखिएकोले असुल उपर गर्नुपर्ने रू.

गो.भौ. नं.	**योजनाको नाम**	**विवरण**	**एकाई**	**कार्य सम्पन्न अनुसार प्रयोग गरेको परिमाण**	**दर**	**जम्मा रकम**	**बढी भुक्तानी**
३८	ने.रा.प्रा.वि. बथानडाँडा	Grill Work for windows and Ventilation	Kg	१५६.०४	१४०	२१८४५।६०	२१८४५।६०
३८	ने.रा.प्रा.वि. बथानडाँडा	CGI roofing work with 36mm	m^2	२०	९८१.५७	१९६३१।४०	१९६३१।४०
	जम्मा					**४१४७७**	**४१४७७**

असुल गर्नुपर्ने	४१,४७७

६८.४ **विल वेगर प्रोभिजनल समको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिलभरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल

सम वापत व्यवस्था गरिएको रकम खर्च गर्दा पालिकाको पूर्व स्वीकृती लिई त्यस्तो कार्यमा भएको यथार्थ खर्चको बील बिजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका निर्माण कार्यका लागि निर्माण व्यवसायीलाई उपरोक्त सम्झौताको शर्त विपरित प्रोभिजनल समको बिल भरपाई वेगर रकम भुक्तानी भएको पाइयो । अतः त्यस्तो कार्यमा भएको खर्चको यथार्थ बिल विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

गो.भौ.नं. र मिति	निर्माणको विवरण	निर्माण सेवा	आइटम	रकम	जम्मा बेरूजु रू.	असुल गर्नुपर्ने रू.
७३३-२०८०।०३।२४	आपसोती, मालारानी, खोलाढाव सडक स्तर उन्नति	पि.एल. कन्स्ट्रक्सन	बिमा	५००००	५००००	५००००
४४६-२०८०।०१।२४	मेहेलकुना मालपोत सडक तथा बोटेचौर बजार भित्री कालोपत्रे		बिमा	५००००	५००००	५००००

प्रमाण पेश नगरेको	१,००,०००

६८.५ मुल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम ५६ मा रु.२० हजार भन्दा बढीको वस्तु खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले एस.एस. डेकोरेशन हाउसबाट विभिन्न मितिको पान विल राखी गो.भौ.नं. १३६ बाट भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,५३,३१०

६८.६ **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन** - सरकारी स्वमित्वमा रहेको गोरखापत्र संस्थानको मिति २०७६।४।३० को निर्णयअनुसार विभिन्न मितिमा सरकारी निकायबाट प्राप्त हुने विज्ञापनमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड तथा शुभकामना सन्देश प्रकाशन वा प्रशारण गर्न नपाउने व्यवस्था रहेको छ ।

१) पालिकाले विविध सुचना एड चौतारी प्रा.लि.लाई जलवायु सम्बन्धी सचेतना सूचना रेडियो तथा पत्रपत्रिका प्रकाशन तथा प्रसारण वापत भुक्तानीमा छुट नलिइ पालिकालाई पर्न गएको बढी व्ययभार पारेको अनियमित रू.

भौ नं मिति	भुक्तानी भएको रकम	बढी व्ययभार पारेको रकम	अनियमित रू.
४०५, २०८०।०३।२४	१७६९९१।१५	४४२४७।७५	४४२४७।७६

	जम्मा रु	४४२४७।७६	४४२४७।७६

२) पालिकाले देहायको मिडिया सेन्टरलाई प्रकाशित सुचनाको साइज दररेट उल्लेख नगरी एवम नियम विपरित शुभकामना प्रकाशन तथा प्रशारण वापत एकमुष्ट भुक्तानी गरेको पाइएकोले नियम सम्मत नदेखिएको रू.

गौ .भौ .नं मिति	प्रयोजन	भुक्तानी पाउनेको नाम	रकम
२४१ (न.पा. चालु)	सन्देश मुलक सूचना	आदत राष्ट्रिय दैमासिक	९८५०
२४२ (न.पा. चालु)	नयाँ वर्षको शुभकामना	मिडिया एड्भरटाइजिङ्ग एण्ड प्रोडक्सन	११८२०
२४४ (न.पा. चालु)	सन्देश मुलक सूचना	युगज्योति प्रकाशन प्रा.लि.	५९१०
२४५ (न.पा. चालु)	सन्देश मुलक सूचना	मुलमार्ग साप्ताहिक	९८५०
२४६ ((न.पा. चालु)	चाडपर्वको शुभकामना	पचालझरना	११८२०
२५१ (न.पा. चालु)	सूचना र शुभकामना	रक्तिम यात्रा	७८८०
२५२ (न.पा. चालु)	सुचना र शुभकामना	रारा टाइम्स	८८६५
२५३ (न.पा. चालु)	सुचना र शुभकामना	जनपत्रकार	३९४००
२६९ (न.पा. चालु)	सन्देश मुलक सूचना	स्टार स्टडी इन्स्टिच्युट एण्ड मिडिया प्रा.लि.	१९७००
२७० (न.पा. चालु)	सन्देश मुलक सूचना	क्यापिटल प्रोडक्सन एण्ड मिडिया एजेन्सी	२९५५०
३११ (न.पा. चालु)	सन्देश मुलक सूचना	एशियन टाइम्स	११८२०
३१३ (न.पा. चालु)	सन्देश मुलक सूचना	प्राणमञ्च राष्ट्रिय मासिक	१४७७५
३२८ (न.पा. चालु)	सन्देश मुलक सूचना	हाम्रो अखबार	१३७९०
३२९ (न.पा. चालु)	सन्देश मुलक सूचना	पचाल साप्ताहिक	१३७९०
४४६ (न.पा. चालु)	शुभकामना सन्देश	साझा विकासको लागि हातहरू	९८५०
४५४ (न.पा. चालु)	शुभकामना सन्देश	जनचासो खबर	९८५०
४५४ (न.पा. चालु)	शुभकामना सन्देश	रारा टाइम्स	९८५०
५१३ (न.पा. चालु)	सन्देश मुलक सूचना	फास्टट्रेक मिडिया एजेन्सी	२२६५५
५८९ (न.पा. चालु)	सन्देश मुलक सूचना	समयपाटी पब्लिकेशन	९८५०
६१६ (न.पा. चालु)	सन्देश मुलक सूचना	पचाल साप्ताहिक	४९२५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	सुर्खेत दैनिक	४९२५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	अन्नपूर्ण एडभरटाइजिङ्ग एण्ड प्रिन्टिङ्ग प्रा.लि.	१६२५२

६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	बि.जी. मिडिया ग्रुप प्रा.लि.	४९२५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	हाम्रो नयाँ नेपाल दैनिक	३६४४५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	मिडिया एड्भरटाइजिङ्ग एण्ड प्रोडक्सन	४९२५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	रारा पत्र	४९२५
६२३ (न.पा. चालु)	सन्देश मुलक सूचना	ग्रामिण सञ्चार विकास केन्द्र	४९२६
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	काक्रेविहार मिडिया	६८९५
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	खुला नजर मल्टिमिडिया प्रा.लि.	९८५०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	दर्शन कर्णाली	५९५०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	उद्योग वाणिज्य संघ भेरी	७८८०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	सानीभेरी मिडिया हाउस प्रा.लि.	७८८०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	विराट सिजा मिडिया हाउस	७८८०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	प्राणमञ्च राष्ट्रिय मासिक	६८९५
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	जनखोजखबर डट.कम.	७८८०
६३७ (न.पा. चालु)	सन्देश मुलक सूचना	चादनी मिडिया हाउस प्रा.लि.	३९४०
		जम्मा	४१८१७३

अनियमित भएको	४,६२,४२०.७६

६९ **तालिम कार्यक्रम सञ्चालन** - तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न

सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नुपर्ने देखिन्छ ।

७० **मोटरसाइकल मर्मत तालिम** - पालिकाले ३९० घण्टाको मोटरसाइकल मर्मत तालिम संचालन गरी दिपेश इन्जिनियरिङ अटो पाटर्सलाई रु. २९९५००/- भुक्तानी गरेको छ । तर उक्त तालिम प्रदायक संस्थाले तालिमका लागि विभिन्न प्रकारका अटो पाटर्स खरिद गरेको उल्लेख गरी रु.१,६०,०९९।— भुक्तानी गरेको छ । यसरी खरिद गरिएको अटो पाटर्स कार्यालयमा दाखिला भएको देखिएन । तालिम संचालनको लागि खरिद गरिएको आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,६०,०९९

७१ **बोयर बोका/ बाख्रा वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका भौचरबाट बाख्रा खरिद गरी कृषकलाई वितरण गरेकोमा वितरणको साझेदारी पक्षको हिस्सा खुल्ने कागजात नरहेको, सम्झौता पत्र नभएको र स्वीकृत लागत अनुमान, बीमाको प्रमाणपत्र, वितरणको कार्यविधि, कृषक छनोटको प्रक्रिया लगायतका प्रमाण कागजात पेश नभएकाले प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम अशुल हुनुपर्ने रु.

भौचर/मिति	विवरण	भुक्तानी रकम
३८२-२०८०।०३।२२	टिम्रो जैविक कृषि तथा पशुपालन समूह ९ वटा बोयर बोका खरिद	३५००००
७१६-२०८०।०३।२४	अन्तर्गत बाख्रा वितरण उ.स.लाई ३०० वटा बाख्रा	३००००००

प्रमाण पेस नगरेको	३३,५०,०००

७२ **लघु उद्यम विकास कार्यक्रम तर्फ**

७२.१ उत्पादन सामान - गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने, विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने र दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा अपाङ्गता भएका उद्यमी बाहेक अन्य उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा उपलब्ध गराउने

प्रविधिको कुल लागतको बीस प्रतिशत रकम उद्यमीले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रममा प्रशासनिक समेत रु.२६,५४,३१०।— खर्च गरेको छ। वस्तु तथा सामान उत्पादन हुने सिलाई कटाई तालिम सञ्चालनमा रु.२ लाख १६ हजार र डल कुशन तालिममा रु.१ लाख ८५ हजार खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन ।पालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ ।

७२.२ **प्रविधि हस्तान्तरण कार्यक्रम -**

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.५५,२५७।- सम्परीक्षण गरिएको ।)

७३ **यु एन डी पी अन्तर्गत कार्यक्रम** - प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं १५ बमोजिम अनुदानबापत् प्रदान गरिने पशुपंक्षीको बीमा गराउनुपर्ने एवम् वितरण गरिएको पशुको स्वास्थ्य रहेको प्रमाणित गर्नुपर्ने र ट्याग लगाई वितरण गर्नुपर्ने लगायतको व्यवस्था रहेको छ। पालिकाले UNDP को सहयोगमा वडा नं ५ मा वितरण गरेको बाख्रा खोर निर्माण गरेकोमा प्रति घर ३ वटाको दरले १०० घरधुरीको लागि रु.१० हजारको दरले रु.३० लाखको बाख्रा खरिद गरी एकीकृत कृषि तथा पशुपन्छी फर्मलाई रु.३० लाखको भुक्तानी दिएकोमा बाख्राको बीमा नभएको, ट्याग नलगाएको एवम् वितरण भरपाई नभएको र बाख्राको स्वास्थ्य परीक्षण नभएकोले छनौट कार्यविधि र वितरण भरपाई सहित प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३०,००,०००

७४ **वितरणमुखी खर्च** -

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८०।१२।२४ को निर्णयबाट रु. १४,४९,०००।- सम्परीक्षण गरिएको ।)

७५ **पकेट क्षेत्रको अनुगमन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल 2077 बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले तरकारी बाली निरन्तरताको लागि रु.६ लाख, नयाँ तरकारी बाली पकेट विकासको लागि रु.९ लाख २९ हजार , नयाँ बाख्रा पकेट विकासका लागि रु. १४ लाख ४४ हजार गरी यस वर्ष जम्मा रु.२९ लाख ७३ हजार अनुदान बितरण गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी आत्मनिर्भरता हासिल गर्ने तथा अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७६ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा पालिकाको बजेटबाट रु.५,५०,०००।- र संघीय सशर्तबाट रु.,१५,७२,५७८।- गरी कुल रु.२१,२२,५७८।- को औषधी खरिद गरेको छ । औषधी खरिद गर्दा प्राप्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए / नभएको, आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधी बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ ।पालिकाले उक्त कार्य नगरेको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधीको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७७ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम) बमोजिम पोषण कार्यक्रमहरुको समीक्ष गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङकन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरी न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ।पालिकाले यसवर्ष पोषण संवेदनशील विभिन्न कार्यक्रममा रु.४ लाख ७२ हजार ३ सय खर्च गरेकोमा पोषण सम्बन्धी कार्य योजना बेगर खर्च गरेको छ। अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ।

७८ **विद्यालयगत निकासा खाता** - विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

७९ **शिक्षकको दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ७५ वटा सामुदायिक विद्यालयहरुमा ४२२ जनाको दरवन्दी रहेकोमा स्थायी ३४७ जना, अस्थायी/करार ६४ जना गरी ४११ शिक्षक रहेकोमा विद्यार्थीको संख्या १२,१९३ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।

८० **विद्यालयमा अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ। विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकबाट विभिन्न विद्यालयलाई रु.४० लाख ४८ हजार अनुदान उपलब्ध गराएको मध्ये नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मात्रै रु.२९,३०,७६६/- अनुदान दिएको छ। उक्त विद्यालय बाहेक पालिका अन्तर्गत अन्य विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याकन गरेको देखिएन । अनुदान रकम समान एवं प्रभावकारी वितरण गर्नु पर्दछ ।

क्र.सं.	गोश्वारा भौचर नं	विद्यालय	अनुदानको प्रकार	अनुदान रकम रु
१	३५६।२०८०।०३।२१	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बडाखोली, सुर्खेत	डिजिटल सिकाई सामाग्री व्यवस्थाको लागि विद्यालयलाई अनुदान	९३१७६६।००
२	३५७।२०८०।०३।२१		ल्याव सहयोगी सामाग्रीको लागि	२००००००।००
३	३५८।२०८०।०३।२१		शैक्षिक गुणस्तर सुदृढीकरण	२००००००।००
४	३५९।२०८०।०३।२१		शैक्षणिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान	१५,९९,०००।००
			जम्मा	**२९३०७६६।००**

८१ **जेहेन्दार छात्रबृत्ती -**

.....(प्रारम्भिक प्रतिवेदनउपर प्रमाण पेस भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.१,००,०००।- सम्परीक्षण गरिएको ।)

८२ **दिवा खाजा** -

.....(प्रारम्भिक प्रतिवेदनउपर असुलउपर गरी पेस भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु.८,११५।- सम्परीक्षण गरिएको ।)

८३ **पाठ्यपुस्तक वितरण** - कार्यक्रम कार्यन्वय पुस्तिका(२०७९।८०) को २.८.३ मा IEMIS रहेको तथ्याङ्कलाई यकिन गरी कक्षा १-१० का लगि तेस्रो त्रैमासिकभित्र अनुदान दिने तथा यसरी अनुदान दिँदा पहिलो पटक ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले सो नगरी IEMIS मा तथ्यांकको आधारमा दुई पटकमा पालिका अन्तर्गत विद्यालयहरुमा दिवा खाजा बापत् रु.६९,०९,५१३।- भुक्तानी गरेको छ। अघिल्लो वर्ष कुन-कुन विद्यालयमा कति मौज्दात थियो र यो वर्ष कुन-कुन विद्यालयमा कति मौज्दात छ सोको यकिन गरी अनुदानको सदुपयोग गर्नुपर्दछ ।

८४ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१३ लाख ४० हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । विकास निर्माणको लागि प्राप्त अनुदान रकम सोही बमोजिम विनियोजन गरी खर्च गरिनुपर्दछ ।

८५ **IEMIS को तथ्याङ्क** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७९/८०) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम पाठ्यपुस्तक, लगायतका शीर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्दछ। अत पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सबै अनुदानहरुको सम्वन्धमा विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ ।

८६ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले स्यानीटरी प्याड खरिदका लागि मिति २०७९।१।१३ मा हिमालयन मेडिसिन कन्सर्नसँग रु.१५,९९,९६४।० मा संझौता गरी २०७९ असार २५ सम्ममा सामान आपूर्ति गरिसक्नु पर्ने संझौतामा उल्लेख छ । उक्त मेडिसिन कन्सर्नले असारमा सामान आपूर्ति गरेको भएता पनि पालिकाले २०८०।१।१० मा मात्र भुक्तानी दिएको पाइयो । खरिद कार्यमा गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको र यस वर्ष मात्र भुक्तानी गरेको देखिन्छ । यस वर्ष पालिकाले रु.५ लाखको स्यानीटरी प्याड खरिद गरी रु.२० लाख ५९ हजार बजेट फिर्ता भएको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८७ **रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मूल्य अभिबृद्धि कर रु.३२,४५६/- समेत रु२,८२,७२६/- सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
३०।०८०।३।१९	ढकाल अफसेट प्रेस	१०२५६३३६८	नन्फाइलर मिति	१८३००४	२०९८४

२३।०८०।२।३१	सुपर्व अफसेट एण्ड फ्लेक्स पृन्ट सोलुसन	३०२०४७४००	नन्फाइलर मिति २०७७।९।२८	९९७२२	११४७२
			जम्मा	२८२७२६	३२४५६

प्रमाण पेश नगरेको	२,८२,७२६

८८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि भएका बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्याला बापत बैंक खातामा निकासा गर्नुपर्ने तथा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस कार्यक्रमा छनोट भएका ५ वटा कार्यक्रम सञ्चालनमा रु.१७,१७,६०९/- खर्च भएको छ । सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यावस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा ४५ श्रमिकले अधिकतम ९० दिन र न्यूनतम ४२ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सूचीकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८९ **मुख्यमन्त्री रोजगार कार्यक्रम** - कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका १४ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु.१,९२,५९,९३०/- खर्च भएको छ । सुचिकृत भएका श्रमिकहरु मध्ये सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १४ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ४०३ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९० **छोरी वचत खाता** - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।— दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष(२०७६।७७ देखि ०७०।८० सम्म) जम्मा ८१३ छोरी वच्चा जन्मदर्ता गरी बैक खाताका लागि सिफारिस भएकोमा आर्थिक वर्ष २०७९।०८० सम्ममा खातामा पठाउनु पर्ने रकम मध्ये रु.४८ लाख भुक्तानी नगरी पुरै रकम बाँकी देखिएकोले प्रदेश सरकारले महत्वकाक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक

दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णमा पुनर्बिचार गर्नु पर्दछ ।

९१ **सामाजिक सुरक्षा तर्फ**

९१.१ **निकासा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.१८,७५,४१,०१७/- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाएकोमा तीन चौमासिकको हिसाव मिलान गरी वितरण नभई बाँकी रहेको रु.५०,८९,९३९/- दाखिला फिर्ता भएको छ ।

९१.२ **लगत अद्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

९१.३ सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । पालिकाले सो सम्वन्धी प्रतिवेदन पठाएको पाईएन ।तसर्थ नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**मूल्य अभिवृद्धि कर** - पालिकाले दहत्तर बहत्तर शुल्क वापतको रकम रु.१ करोड ८ लाख ५० हजार ।—प्राप्त गरेकोमा नेपाल सरकारलाई मूल्य अभिवृद्धि करवापत पठाउनुपर्ने रु. १४ लाख १० हजार ५ सय दाखिला गरेको देखिएन । उक्त नदिजन्य पदार्थ विक्रीको मूल्य अभिवृद्धि कर असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.	१४१०५००

क्र.सं.	बेरुजुको विवरण	रकम
२	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण मिनिट्रिलर वितरण शीर्षकबाट ४६ थान मिनि हाते ट्याक्टर खरिदको लागी पालिकाले कृषकलाई प्रति व्यक्ती रु.३१,५००/- का दरले रु.१४ लाख ४९ हजार भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।	

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : गुर्भाकोट नगरपालिका, सुर्खेत

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	पूर्ण वहादुर खत्री	२०८०-३-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	लोमन केशर खनाल	२०७९-२-२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,५६६,७०६	१४,३९५,९५४.७६	१९,७०७,८१९.९८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३८,६७०,४८०.७४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९,८०२,६७१.६७
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,४१०,५००
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३०,२७८,३०९.०७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी			५७३६१०२७.१८
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५११४११६१२.५	**चालु खर्च**	४५५६७१००४.८८
प्रदेश सरकारबाट अनुदान	४९८८३७१७	**पूँजीगत खर्च**	२१३५५७७६४
राजश्व बाँडफाँट	१२२८७९३८८.९४	**वित्तीय/अन्य व्यवस्था**	२१८२२०६२२.१५
आन्तरिक आय	१२९६५१७७.९६		
अन्य आय	२१६८८३७४६.४५		
कुल आय	९१४०२३६४२.८५	**कुल खर्च**	८८७४४९३९१.०३
		बाँकी मौज्दात	८३९३५२७९